# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
## स्थानीय विकास निर्देशनालय

Phone : 4262381
4262415
4262417
4262958
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


प.सं.:–२०६८।६९ (केन्द्र) च.नं. ६१८

मितिः– २०६९।१।२६

बिषयः– लेखापरीक्षणको अन्तिम प्रतिवेदन ।

श्री जिल्ला विकास समितिको कार्यालय,
अछाम ।

त्यस कार्यालयको आर्थिक बर्ष २०६७।६८ को राजश्व/धरौटी/विनियोजन/अन्य कारोबारको आर्थिक विबरण तथा सोसँग सम्बन्धित पेश भएसम्मको लेखाको परीक्षण सम्पन्न गरी प.सं.२०६८।६९ च.नं.८३ मिति २०६८।६।३ मा तहाँ उपलब्ध गराइएको प्रारम्भिक प्रतिवेदन उपर त्यस कार्यालयबाट प.सं. २०६८।६९ च.नं.६६८ मिति २०६८।६।२७ को पत्रसाथ कुनै प्रतिक्रिया प्राप्त हुन नआएकोले अन्तिम प्रतिवेदन पाना १६ (सोन्ह) यसैसाथ संलग्न छ । प्रतिवेदनमा उल्लेखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २० बमोजिम लगत राखी दफा २१ बमोजिम बेरुजू असुल वा नियमित वा केन्द्रीय तहसिल कार्यालयमा लगत कायम गरी गराई सम्परीक्षण गराउनुहुन निर्देशानुसार अनुरोध गर्दछु ।

(तोयानाथ अर्याल)
निर्देशक

<u>बोधार्थ तथा कार्यार्थः</u>
श्री स्थानीय विकास मन्त्रालय,
श्रीमहल पुल्चोक, ललितपुर : प्रतिवेदन संलग्न छ ।

जिल्ला विकास समितिको कार्यालय, अछाम
दर्ता नं. ३४५०
दर्ता मिति. २।१५

# लेखापरीक्षणको अन्तिम प्रतिवेदन

२०६७/०६८

कार्यालय प्रमुख : स्था.वि.अ.महेन्द्रलाल श्रेष्ठ

कार्यालय : जिल्ला विकास समितिको कार्यालय मंगलसेन, अछाम

लेखा प्रमुख : ले.पा.रुद्रराज शर्मा (साविक), चेनबहादुर खत्री (हाल)

| सि.नं | ब. उ. शि. नं. | कार्यक्रम | बार्षिक बजेट | निकासा | खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ६९-३-१४५ | सामाजिक सुरक्षा | ११८९९६०००।०० | १०६३२७५००।०० | १०६३२७५००।०० | |
| २ | ६९-३-८१० | ग्रामीण पूर्वाधार | १४५००००।०० | ११९११०२।९९ | ११९११०२।९९ | |
| ३ | ६९-३-८०८ | ग्रामीण जलश्रोत व्यवस्थापन | १६०००००।०० | १६०००००।०० | १६०००००।०० | |
| ४ | ६९-३-८१७ | ग्रामीण पहुँच कार्यक्रम | ९३५०००।०० | ९३०१००।०० | ९३०१००।०० | |
| ५ | ६९-४-८०८ | ग्रामीण जलश्रोत व्यवस्थापन | २७३५९३५३।९९ | ९८९९३८०।०० | ९८९९३८०।०० | |
| ६ | ६९-४-८५३ | स्थानीय स्वायत्त शासन | ४३२०७०००।०० | २२०३२५७१।०० | २२०३२५७१।०० | |
| ७ | ६९-४-८३७ | ग्रामीण पहुँच | १५००००००।०० | ६००००००।०० | ६००००००।०० | |
| ८ | ६९-४-८१५ | झोलुङ्गे पुल | ९१६८०००।०० | ६६८१३४६।०० | ६६८१३४६।०० | |
| ९ | ६९-३-८५३ | स्था.स्वा. तथा सा.पू. | १६३६६०२०।०० | १२९४७३८।०० | १२९४७३८।०० | |
| १० | ६९-३-२१० | कृषि सडक | ५००००।०० | ५००००।०० | ५००००।०० | |
| ११ | ६९-३-८०५ | ग्रा.खा.पा. | ७८०६००।०० | ७५३७४०।०० | ७५३७४०।०० | |
| १२ | ६९-४-३२० | लक्षितोन्मूख आ.वा. | २००००००।०० | २००००००।०० | २००००००।०० | |
| १३ | ६९-४-३८० | उपेक्षित उत्पिडित | ४३०००००।०० | ३९१६०२।०० | ३९१६०२।०० | |
| १४ | ६९-४-२१० | कृषि सडक | ४५००००००।०० | ४४८०९२९।०० | ४४८०९२९।०० | |
| १५ | ६९-४-८१० | ग्रा.सा.पू.वि.का. | २०९८४०००।०० | ५०२६८९०।२३ | ५०२६८९०।२३ | |
| १६ | ६९-४-८१७ | ग्रामीण पहुँच कार्यक्रम | ६५९६१०००।०० | ८०४४३८३।४४ | ८०४४३८३।४४ | |
| १७ | ६९-४-८१४ | स्थानीय यातायात पू. क्षे. | ७६००००००।०० | ७२१७५५७।०० | ७२१७५५७।०० | |
| १८ | ६९-४-८०५ | ग्रामीण खानेपानी | ८४००००००।०० | ७९३६१७८।०० | ७९३६१७८।०० | |
| १९ | ६९-४-८०४ | निर्वाचन क्षेत्र कार्यक्रम | ४०००००००।०० | ४०००००००।०० | ४०००००००।०० | |
| २० | ४८-४-२४९ | क्रमानुगत सडक | ६००००००।०० | ६००००००।०० | ६००००००।०० | |
| २१ | ४९-४-२९० | पर्यटन पूर्वाधार | २४००००००।०० | २४००००००।०० | २४००००००।०० | |
| २२ | ५७-३-२०१ | यूवा खेलकुद | ३६९०००।०० | १२००००।०० | १२००००।०० | |
| २३ | ६२-३-२१२ | शान्ति प्रक्रिया सहयोग | ६५०००००।०० | ६५०००००।०० | ६५०००००।०० | |
| २४ | ७२-३-४०१ | राष्ट्रिय स्वयम् सेवा | २११८००।०० | १८७५८१।८७ | १८७५८१।८७ | |
| २५ | ७२-४-४०१ | राष्ट्रिय स्वयम् सेवा | १२००००००।०० | ११४५८५०।८७ | ११४५८५०।८७ | |
| २६ | ६२-४-२१० | पूर्ननिर्माण | १५२२०००।०० | ९३९६२२।०० | ९३९६२२।०० | |
| २७ | ९०-३-९१० | अर्थबजेट | ०।०० | ६७०३६५।०० | ६७०३६५।०० | |
| २८ | ९०-३-९३० | अर्थबजेट | ०।०० | १९४५११०।०० | १९४५११०।०० | |
| | जम्मा | | ३३८९९९७७३।९९ | १९५८७६५४७।४० | १९५८७६५४७।४० | |

(ख) राजश्व तर्फ :

**राजश्व आम्दानी** : ३,३९,५५६।८०

**राजश्व संचितकोष दाखिला** : ३,३९,५५६।८०

**मौज्दात बाँकी** :

| सि. नं. | विवरण | रकम | फछ्र्योटको विवरण | रकम |
|---|---|---|---|---|
| | जिल्ला विकास समितिको कार्यालय, अछामको आर्थिक वर्ष २०६७।६८ को लेखापरीक्षण इकाइगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्वपत्र र आन्तरिक लेखापरीक्षण समेतका आधारमा सम्पन्न गरी सो उपर देखिएका व्यहोराको सम्बन्धमा कार्यालय प्रमुख लगायतका पदाधिकारीहरुसंग मिति २०६८।६।३ मा छलफल समेत गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएको थियो । कार्यालयबाट च.नं.६६८ मिति २०६८।६।२७ को प्रतिक्रिया प्राप्त भएकोमा प्रमाण तथा कागजातका आधारमा फछ्र्यौट भई अन्तिम प्रतिवेदनमा समावेश भएका बांकी व्यहोरा निम्नानुसार छन्: | | | |
| १ | कार्यालयले यो वर्ष सम्पादन गरेको धेरैजसो योजना र कार्यक्रमहरुको सामाजिक परीक्षण गराएको देखिएन । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ बमोजिम योजना तथा कार्यक्रम सम्पन्न भएपछि फरफारक गर्नुपुर्व सामाजिक परीक्षण र सार्वजनिक परीक्षण गराउनुपर्ने प्रावधान रहेको छ । कार्यालय आफुले संचालन गरेका योजनाहरु र कार्यक्रमहरुको सम्बन्धमा स्थानीय जनताहरुको प्रत्यक्ष संलग्नतामा सो योजनाबाट परेको प्रभाव सम्वन्धमासमेत स्पष्ट हुने गरी सामाजिक लेखापरीक्षण गराउनु पर्ने देखिन्छ ।<br><br>**कार्यालय प्रतिक्रिया:** – आयोजनाबाट लाभ प्राप्त गर्ने समुदायको भेलाबाट आयोजनाको गुणस्तरको विषयमा निर्णय तथा निर्देशन अनुसार भुक्तानी दिने गरेको भनी कार्यालयको प्रतिक्रिया प्राप्त भएको छ । | | | |
| २ | कार्यालयले स्वीकृत कार्यक्रमहरुको छुट्टाछुट्टै रुपमा आइटमवाइज कार्यक्रमगत खाता राख्ने गरेको देखिएन । जसले गर्दा कार्यक्रमहरुको आइटवाईज विश्लेषण गर्न कठिनाई भयो । त्यसैगरी निर्माणाधिन र निर्माण सम्पन्न भइसकेका संरचनाहरुको कामको विवरण र उदेश्य खुल्ने गरी योजनाहरुको लगत अध्यावधिक राख्ने गरेको देखिएन । यसले गर्दा कार्यलय स्वयम्ले र अन्य सरकारी तथा गैरसरकारी निकाय तथा निजी क्षेत्रले विगतमा र वर्तमानमा गरेका कामहरुसँग दोहोरो परे नपरेको सम्बन्धमा समेत यकिन गर्न सकिएन ।<br><br>**कार्यालय प्रतिक्रिया** – योजना छनौट गर्दा राजनैतिक दल, सचेत नागरिकको संलग्नता हुने भएकोले आयोजनाको दोहोरो कार्यान्वयन हुन सम्भावना नरहेको भनी कार्यालयको प्रतिक्रिया प्राप्त भएको छ । | | | |
| ३ | कार्यालयका प्राविधिक कर्मचारीहरुबाट कामको नापजाँच गरी नापी किताबमा चढाउँदा हरेक बिलको छुट्टाछुट्टै रुपमा सो बिलको काममात्र प्रविष्टि गर्ने गरेको छ । जसले गर्दा उक्त निर्माण कार्यमा विगतमा के काम भयो सोलाई छुट्याउन सकिदैन । साथै आगामी दिनमा उक्त योजनामा गर्न बाँकी कामलाई समेत यकिन गर्न कठिनाई पर्ने देखिन्छ । त्यसैगरि धेरै जसो निर्माण कामको सुरु इष्टिमेट अंक र कार्य सम्पन्न प्रतिवेदन, ठेक्का बिल र नापी किताबमा एउटै अंक राखी भर्ने गरेको देखिएबाट कामको यथार्थ इष्टिमेट गर्ने र नापजाँच गर्ने गरेको भन्न सकिने अवस्था छैन । त्यस्तै प्रत्येक निर्माण कामको सुरु इष्टिमेट, सम्झौता, कार्यादेश, म्यादथप, रनिङ्ग बिलहरु हुदै अन्तिम बिलसम्मका डकुमेन्टहरु एउटै फाईलमा व्यवस्थित गरेर राख्ने गरेको देखिएन । प्रत्येक बिलका नापी किताब र कागजातहरु छुट्टाछुट्टै राख्ने | | | |

गरेबाट यो वर्ष भुक्तानी भएका योजनाहरुको हालसम्मको यथार्थ अवस्था मूल्याकंन गर्न सकिएन । त्यसै गरी लागत अनुमान तर्जुमा र स्वीकृती, ठेक्का बिल, कार्यसम्पादन प्रतिवेदन, र नापी किताबहरुमा समेत कहि कतै मिति उल्लेख गर्ने नगरेबाट काम सम्पन्न समय यकिन गर्न समेत कठिनाई पर्‍यो । उपभोक्ता समितिहरुसँग गर्ने सम्झौतामा समेत करारका सबै अंग पुरा भएको व्यवस्थित करार पत्रहरुमा हस्ताक्षर गरी गर्नुपर्नेमा सो नगरी एक पानाको फर्मेटमा औपचारिकताको लागि मात्र सम्झौता गर्ने गरेको छ ।

**कार्यालय प्रतिक्रिया** – स्थानीय स्वायत्त शासन ऐन, नियमावलीमा भएको अनुसूची अनुसार सम्झौता हुने गरेको भनी कार्यालयको प्रतिक्रिया प्राप्त भएको छ ।

४ कार्यालयले यो बर्ष विभिन्न कार्यक्रम अन्तरगत संचालन गरेका योजनाहरु मध्ये अधिकांश योजनाहरु उपभोक्ता समिति मार्फत गराउने गरेको छ । तर ति उपभोक्ताहरु कानून बमोजिम दर्ता भएको देखिएन । जुन कार्यको लागि उपभोक्ता समिती चाहिने हो सो प्रयोजनको लागि तत्काल गठन हुने र उक्त काम समाप्ति सँगै उपभोक्ता समितिहरु विघठन हुने अवस्था छ । उपभोक्ताबाट गराईने कामको लागत अनुमान तयार गर्दा मूल्य अभिवृद्धि कर लाग्ने सामानको दर विश्लेषणमा मू.अ.कर थप गरेको र अन्यमा मू.अ.कर समावेश गरेको छैन र भुक्तानी समेत सोही अनुसार हुने गरेको छ । यस प्रकार दर्ता नभएका उपभोक्ता समितिसँग काम गराउनु नियम सम्मत देखिदैन भने अर्को तर्फ मू.अ.कर थप गरी भुक्तानी भएको रकमबाट उपभोक्ता समितिले खरिद कार्य गर्दा कर बिजक नलिएको अवस्थामा मू.अ.कर समेत छली हुन सक्ने अवस्था देखिन्छ । उदाहरण निम्न छन् :

| नाम | भुक्तानी | भुक्तानी मध्ये खरिद |
|---|---|---|
| बाटेगडा खा.पा.यो. | ५९७०८५।०० | २४९५००।०० |
| तल्लासल्लेडी जटायोपानी खा.पा.यो. | १०८७४१६।०० | २३५५५६।०० |
| भमखोला खा.पा.यो. | ४७०५६९।०० | २५१७७८।०० |
| गगुडा गाउं खा.पा.यो. | ४४७१७३।०० | १४६४६०।०० |
| खाउटे खा.पा.यो. | १७३९८७।०० | ४४७८२।०० |
| कचाली खा.पा.यो. | २४१७६०।०० | १००५५६।०० |
| रत्याडी खोला खा.पा.यो. | ३६८७९५।०० | २१०४९१।०० |

**कार्यालय प्रतिक्रिया** – ऐन नियममा उ.स.दर्ता हुनुपर्ने, दर्ता गर्ने निकाय समेत स्पष्ट नभएको उ.स.ले खरिद गरेका सामानको बिल, उ.स.संग नै रहने र सो बिलको आधारमा मूल्याङ्कन भई भुक्तानी हुने गरेको मूल्य अभिवृद्धि कर बिल नभएकोमा मूल्य अभिवृद्धि कर भुक्तानी नभएको समेत कार्यालयको प्रतिक्रिया प्राप्त भएको छ ।

५. कार्यालयले कार्यालयको जनशक्तिबाट अध्ययन र सर्भे गर्दा सम्बन्धिक प्राविधिकले नर्म्स बमोजिम भनी केहि अंश सर्भे सामाग्रीमा र अन्य ठूलो अंश खास गरी अदक्ष जनशक्ति डोर हाजिरी फारममा राखी काम गरेको भनी डोर हाजिरी फारम भरी सो बमोजिम भुक्तानी खर्च लेख्ने गरेको छ । तर कार्यालयले डोर हाजिरी फारम नियन्त्रण खाता राख्ने गरेको छैन । त्यस्तै डोर हाजिरी फारमहरुमा नम्बरीङ्ग गर्ने कार्य समेत गरेको छैन साथै कार्यालयबाट डोरहाजिरी फारम जारी गर्ने गरेको समेत छैन । दैनिक हाजिरीलाई समेत सम्बन्धित प्राविधिकबाट दैनिक रुपमा प्रमाणित गर्ने गरेको छैन । यसप्रकार आधिकारीक रुपमा नदेखिएका डोर हाजिरी फारमको आधारमा लेखेको खर्चलाई यथार्थ भन्न मिल्ने देखिदैन । त्यसैगरी सर्भे गरेका रिपोर्टहरुलाई समेत कार्यालयले व्यवस्थित रेकर्ड गरी राख्ने, कार्यलयमा आम्दानी जनाउने गरेको देखिएन ।

**कार्यालयको प्रतिक्रिया** – यस सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन ।

| | | | | |
|---|---|---|---|---|
| ६ | **बजेट उप-शिर्षक नं. ६९-४-८०८ (ग्रामीण जलश्रोत व्यवस्थापन कार्यक्रम)**<br>जिल्लाका ५ वटा गा.वि.स.मा लागु भएको यो कार्यक्रममा यसबर्ष रु.९८,९९,३८०।- (बैदेशिक श्रोत समेत) निकासा र खर्च भएको छ । | | | |
| ६.१ | ७।०६७।६।२० मेनलाईन टेल्को खानेपानी तथा सरसफाई योजनाको पोष्ट्र कन्स्ट्रक्शन वापत रु.२,००,९८५।- भुक्तानी गरेको छ । उक्त योजनाको लागत अनुमान रु.२१,८१,७५४।- तर्जुमा गरी कार्यान्वयन चरणको लागि उपभोक्ता समितिसँग २०६६।२।२२ मा सम्झौता गरेको र सोबमोजिम काम भई २०६६।०६७ मा सम्झौता बमोजिमको सबै रकम रु.२१,८१,७५४।- भुक्तानी भैसकेको देखियो । तर कार्य सम्पन्न गर्ने अवधिमा पानी नचढेको कारण जनाई पुरानो पाईपलाई फेर्नुपर्ने भनि मिनि वर्क प्लान कार्यक्रम अन्तरगत पोष्ट कन्स्ट्रक्शन फेजमा राखी रु.५,०३,५७०।- को पूनः लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग २०६७।२।२३ मा सम्झौता गरी रु.४,६८,६१५।- भुक्तानी गरेको देखियो । यस प्रकार स्वीकृत लागत अनुमान र ड्इङ्ग डिजाईन बमोजिम गरेको काममा सम्पन्न हुने चरणमा पुगेको अवस्थामा पानी नचढी पाईप फेर्ने अवस्था आउनु भनेको स्वीकृत डिजाईन र ड्इङ्गमा नै कम्जोरी रहेको स्पष्ट हुन्छ । यसरी सोकामको लागि लागत अनुमान तयार गर्न, कामको सुपरीवेक्षण गर्न र नापजाँच गर्न भनेर NGOs हरुलाई नियुक्त गरी ठुलो रकम खर्च गर्नु साथै आयोजना कार्यालयमा समेत प्राविधिक कर्मचारीहरुलाई नियुक्त गरी काम लगाएकोमा निजहरुबाट ड्इङ्ग र डिजाईन नै गलत तयार गरी थप व्ययभार पर्ने स्थिती श्रृजना भएको देखिन्छ । यसरी थप व्ययभार पार्न गएको रकमलाई छानविन गरी असुल उपर गर्नुपर्ने रु...... | ४,६८,६१५।- | | |
| | **कार्यालयको प्रतिक्रिया –** पाइप बदल्ने समेतको लागत अनुमान तयार हुंदा बढी लागत पर्न गएकोले असुल हुन नसक्ने भनी कार्यालयको प्रतिक्रिया प्राप्त भएको छ । | | | |
| ६.२ | ८१।०६८।३।२६ भाटाकाटिया गा.वि.स.मा मिनबहादुर बि.क.लाई मिति २०६७ चैत्र १६ देखि २०६८ जेष्ठ १७ सम्म Facilitator राखेको भनि दुई दुई महिनाको पारिश्रमिक रु.१२,०००।- खर्च लेखेको छ । २०६७ चैत्र १० देखि २ वटा गा.वि.स.को लागि आस्था नेपाल र ३ वटा गा.वि.स.को लागि मालिका विकास संघलाई नियुक्त गरी सम्झौता बमोजिमको रकम भुक्तानी भएको अवस्थामा सोही कामको लागि सोही क्षेत्रमा पुनः Facilitator भनि नियुक्त गरी पारिश्रमिक खर्च लेख्नु दोहोरो पर्न गएको रु. | १२,०००।- | | |
| | **कार्यालयको प्रतिक्रिया –** संख्या छनौट पछिका २ महिनामा आयोजना कार्यान्वयनमा सहजीकरण गर्न आवश्यक भएकोले काममा लगाई खर्च लेखेको दोहोरो खर्च नलेखेको नलेखेको भनी प्रतिक्रिया प्राप्त भएको छ । | | | |
| ६.३ | ८४।०६८।३।२४ भुनेखोला खानेपानी योजनाको प्रथम रनिङ्ग बिलको भुक्तानी रु.११,३१२।- भएको छ । उपभोक्ता समितिसँग मिति २०६७।८।१४ मा सम्झौता भई मिति २०६७।९।३ भित्र काम सम्पन्न गर्ने अवधि तोकिएकोमा ले.प. अवधि २०६८।६।२ सम्म काम सम्पन्न नहुनु साथै म्याद थप समेत भएको नदेखिनुले आयोजना अलपत्र हुन गएको देखिन्छ । यसप्रकार अधुरो रहेको योजना नियमानुसार सम्पन्न हुनुपर्ने रु. | ११,३१२।- | | |

| | | | | |
|---|---|---|---|---|
| | **कार्यालयको प्रतिक्रिया** – भुक्तानी हुंदा कार्य सम्पन्न प्रतिवेदन संलग्न गर्न छुट भएको भनी कार्यालयको प्रतिक्रिया प्राप्त भएको तर कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन । | | | |
| ६.४ | कार्यालयले सामाजिक परिचालन र सहजकर्ताको लागि ३ वटा गा.वि.स.मा गैरसरकारी संस्था मालिका विकास संघलाई र २ वटा गा.वि.स.मा सामाजिक रुपान्तरण तथा मानवीय सहायता संघ (आस्था) नेपाल नामक दुई गैर सरकारी संस्थालाई नियुक्त गरी यो बर्ष चैत्र देखि आषाढ सम्मको जम्मा भुक्तानी देहायबमोजिम रु.१८,१३,६८३।- गरेको छ । कार्यालयले यी दुबै संस्था आयकर छुटको प्रमाण प्राप्त भएको जनाएको छ । यसरी आयकर छुटको प्रमाण लिएका संस्थाहरुलाई सम्झौताबमोजिमको विभिन्न आइटम भुक्तानी दिने रकममा पारिश्रमिक कर, घरभाडा, लगायतका आयकर बाहेकका करहरु अग्रिम रुपमा कट्टी गरी भुक्तानी दिनुपर्नेमा कट्टी गरेको नदेखिएकोले सो वापतको लाग्ने नियमानुसारको रकम असुल हुनुपर्ने रु. | १६,५२३।- | | |

| विवरण | मालिका विकास संघ | आस्था नेपाल | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|
| भुक्तानी | रु १०६९१८३।०० | रु ७४४५००।०० | ०।०० |
| पारिश्रमिक वापतको भुक्तानीमा कट्टि नगरेको १ प्रतिशत रकम | रु ८०५६।०० | रु ५७४०।०० | रु १३७९६।०० |
| घरभाडा भुक्तानी | रु १२८७।०० | रु १४४०।०० | रु २७२७।०० |
| जम्मा | | | रु १६५२३।०० |

**कार्यालयको प्रतिक्रिया–** सम्बन्धित संस्थाहरुबाट नै लेखापरीक्षण गराई तिर्नुपर्ने कर संस्थाहरुले दाखिला गर्ने भनी प्रतिक्रिया प्राप्त भएको छ ।

६.५ उपरोक्त बमोजिका २ गै.स.स.लाई निजहरुले गर्नुपर्ने सबै प्रकारको रकम जस्तै पारिश्रमिक, भाडा, स्टेशनरी, लगायत कार्यालय संचालन आदि सबै प्रकारका खर्चहरुलाई हिसाब गरी सम्झौतामा राखिएको र सोबमोजिम भुक्तानी भएको अवस्था छ भने अर्कोतर्फ निजहरु दुबै संस्थाले आयकर छुट प्रमाण लिएको जनाएको छ । सोको साथै Management Overhead Cost भनि सम्झौतामा १० प्रतिशत थप गरी राखेको र निजहरुलाई बिल भुक्तानी गर्दा १० प्रतिशत थप गरि दिने गरेको देखियो । यसरी गैर नाफामूलक संस्थाको रुपमा रहेका यी संस्थाहरुले सोही आधारमा आयकर छुट समेत प्राप्त गरेको अवस्थामा नाफालाई घुमाउरो शब्दबाट राखी Overhead भनि भुक्तानी दिन मिल्ने नदेखिएकोले निम्नानुसारको रकम असुल हुनुपर्ने रु.......................... — १,१३,१२४।-

(क) मालिका विकास संघ — रु.७०,९२४।-
(ख) आस्था नेपाल — रु.४२,२००।-
**जम्मा** — **रु.१,१३,१२४।-**

६.६ **कार्यालयको प्रतिक्रिया** – यस सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन ।

६.७ आर्थिक बर्षको अन्त्यमा बाँकी रहेको पेश्की रकम नियमानुसार असुल फछ्र्योट हुनुपर्ने रु.................................. — ३,०५,४२५।-

**कार्यालयको प्रतिक्रिया** – यस सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन ।

आस्था नेपालका ९ जना कर्मचारीहरुको सामाजिक सुरक्षा कर वापतको रु. ३२०२।- तलबी भपाईमा कट्टी गरेको देखियो । तर राजश्व खातामा दाखिला गरेको पाईएन भनि आ. ले. प. ले समेत औल्याएको रु. ... — ३,२०२।-

**कार्यालयको प्रतिक्रिया** – यस सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन ।

७ **<u>६९-४-८०४ निर्वाचन क्षेत्र कार्यक्रम</u>**

७.१ पूर्वाधार निर्माण, आय आर्जन, स्वास्थ्य सेवा, शैक्षिक विकास लगायतका विकास कार्यक्रमलाई प्राथमिकता दिई योजना तर्जुमा तथा कार्यक्रम संचालन गर्दा उपभोक्ता समितिबाटै कार्य संचालन गर्न प्राथमिकता र सम्पन्न गरीएको उपभोक्ता समितिबाटै सार्वजनिक लेखापरीक्षणको व्यवस्था समेत मिलाउनु हुनेछ भन्ने उल्लेख छ । कार्यालयले उपरोक्त योजनाहरुलाई योजना तथा कार्यक्रम संचालन गर्दा उपभोक्ता समितिबाटै कार्य संचालन गर्न प्राथमिकता दिएको छैन । सम्पन्न गरिएका कार्यक्रमहरुको उपभोक्ता समितिबाटै सार्वजनिक लेखापरीक्षण गरिएको छैन ।

**कार्यालयको प्रतिक्रिया –** शतप्रतिशत कार्यक्रमहरु उपभोक्ता समितिबाट भएको सार्वजनिक लेखापरीक्षण समेत भएको तर लेखापरीक्षणमा उक्त फाइलहरु देखाउन छुट भएको भनी कार्यालयको प्रतिक्रिया प्राप्त भएको छ ।

७.२ कार्यालयले सांसदहरुको सहयोगी प्रतिनिधीका रुपमा नियुक्त व्यक्तिहरुलाई पारिश्रमिक रु. १,६०,०००।- भूक्तानी गरेकोमा सो मा लाग्ने १% सामाजिक सुरक्षा कर कट्टी नगरेकोले कट्टी गरी राजश्व खातामा दाखिला गर्नुपर्ने रु.............................................. १,६००।-

| गो.भौ.नं. र मिति | सांसद प्रतिनिधीको नाम | पारिश्रमिक रकम | १ % सामाजिक सुरक्षा कर |
|---|---|---|---|
| ३।०६८।३।३१ | झंकरबहादुर खड्का | ५००००।०० | ५००।०० |
| ४७।०६८।३।१० | एकिन्द्र ढुंगाना | ५००००।०० | ५००।०० |
| ५२।०६८।३।१५ | डण्डीप्रसाद संजाल | १००००।०० | १००।०० |
| ७४।०६८।५।२७ | परेन्द्र रावल | ५००००।०० | ५००।०० |

**कार्यालयको प्रतिक्रिया –** यस सम्वन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन ।

७.३ ५१।०६८।३।१५ कार्यालयले निम्न गोश्वारा भौचर र मितिमा देहायको फर्मबाट सामान खरिद गरेकोमा आयकर ऐन, २०५८ बमोजिम १.५% अग्रिम कर कट्टी नगरेकोले कट्टी गरी राजश्व खातामा दाखिला गर्नुपर्ने रु............................... ५,१००।-

| फर्मको नाम | सामानको विवरण | बिल मूल्य | १.५% |
|---|---|---|---|
| जे.के. ट्रेडर्स | मेशीन खरिद | २,९०,०००।०० | ४३५०।०० |
| षोडशा ग्रील तथा काष्ठ फर्निचर | फर्निचर खरिद | ५०,०००।०० | ७५०।०० |

७.४ ५१।०६८।३।१५ घरधनी टेकबहादुर बिष्टलाई प्रगति होजियारी उद्योग मंगलसेन अछामलाई उद्योग संचालन गरेवापत रु.२०,०००।- घरभाडा वापत भुक्तानी गरेकोले १०% बहाल कर रु.२०००।०० कट्टी नगरेकोले सो कर कट्टी गरी राजश्व दाखिला गर्नुपर्ने रु. ................. २,०००।-

**कार्यालयको प्रतिक्रिया –** दफा ७.३/४ – अग्रिम कर तथा बहालकर कट्टी गरेर भुक्तानी गर्ने काम उपभोक्ता समितिको भएकोले कार्यालयले उपभोक्ता समिति मार्फत काम गराउंदा कुनै कर नलाग्ने स्पष्ट कानूनी व्यवस्था बमोजिम कर नकाटिएको भन्ने कार्यालयको प्रतिक्रिया प्राप्त भएको छ ।

८ **६९-३-१४५ (सामाजिक सुरक्षा)**

८.१ कार्यालयले यस बर्ष सामाजिक सुरक्षा वापत रु.१०,३९,९४,५००।- निकासा गरी सोही बराबर खर्च लेखेको छ । सामाजिक सुरक्षा संचालन कार्यविधी २०६५ (९) ख अनुसार गाउँ विकास समितिको सचिवले यस कार्यक्रम वापत प्राप्त भत्ता परिचय पत्र साथ प्राप्त गरेका सम्बन्धित व्यक्तिहरुलाई आफ्नो आफ्नो क्षेत्रमा प्रथम चौमासिक बडा दशै पूर्व आश्विन १ गते, दोश्रो चौमासिक शहिद सप्ताहको समयमा माघ १२ गते र तेश्रो चौमासिक नेपालमा गणतन्त्र घोषणा भएको ऐतिहासिक दिन जेष्ठ १५ गते भुक्तानी दिनुपर्नेछ र त्यस्तो कार्यक्रम प्रचार प्रसार समेत गर्नुपर्नेछ भन्ने उल्लेख छ । गाउँ विकास समितिका सचिवले तोकिएको मितिमा भत्ता वितरण गर्न विषयगत कार्यालयका कर्मचारीहरुको सहयोग समेत लिई भुक्तानी गर्न व्यवस्था मिलाउनु पर्नेछ । तर कार्यालयले दोश्रो र अन्तिम किस्ता रकम जेष्ठ नागरिक, एकल महिला र दलित जेष्ठ नागरिकलाई २०६७ कार्तिक देखि २०६८ आषाढ मसान्तनक, दोश्रो र तेश्रो चौमासिक रकम २०६८ आषाढमा निर्देशिका विपरित भुक्तानी खर्च लेखेको छ । कार्यालयले भत्ता वितरणको लागि प्रचार प्रसार समेत गरेको पाइएन ।

**कार्यालयको प्रतिक्रिया** – कार्यालयले दशैं पूर्व नै पेश्की निकासा दिएको, प्रचार प्रसारमा बजेट व्यवस्था नभएको, निकासा रकम सार्वजनिक गरिएको भनी कार्यालयको प्रतिक्रिया प्राप्त भएको छ ।

८.२ जि. वि. स. चालु खातालाई गएको सापटी आ. ब. को अन्त्यसम्म पनि सोधभर्ना प्राप्त नभएको रु. २३,३३,०००।-

**कार्यालयको प्रतिक्रिया** – तलव भत्तामा रकम नपुग भएकोले वचत रकमबाट सापटी ल्याएको खर्च समथृनको लागि स्था.वि.मन्त्रालयमा अनुरोध गरेको भनी कार्यालयको प्रतिक्रिया प्राप्त भएको छ ।

८.३ यस कार्यक्रम अन्तर्गत भत्ता वितरणका लागि विभिन्न गा.वि.स.लाई रकम उपलब्ध गराएकोमा गत विगतको फछ्र्यौट गर्न बाँकी रु.९१,१२,३४०।- तथा यस आर्थिक बर्षमा थप रु.२५२९,७००।- समेत फछ्र्यौट गर्न बाँकी रु.१,१६,४२,०४७।- पेश्की रहेको देखिन्छ । गत विगतको पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्छ । तथा यस बर्षको निम्नानुसारको पेश्की समेत यथाशिघ्र फछ्र्यौट हुनुपर्ने रु........... २५,२९,७००।-

| पेश्की लगेको मिति | गा.वि.स. | रकम |
|---|---|---|
| २०६७।०४।०१ | बैजनाथ | २७७२००।०० |
| २०६७।०४।०१ | चण्डिका | ३४५०००।०० |
| २०६७।०४।०१ | गाँज्रा | ७७१३००।०० |
| २०६७।०४।०१ | ओलिगाउँ | ४२५००।०० |
| २०६७।०४।०१ | बारला | ५००।०० |
| २०६७।०४।०१ | ढुंगाचाल्ना | १०९३२००।०० |
| | जम्मा | २५२९७००।०० |

**कार्यालयको प्रतिक्रिया** – पेश्की फछ्र्यौटको पहल भइरहेको भनी कार्यालयको प्रतिक्रिया प्राप्त भएको छ ।

८.४ कार्यालयले खर्च भएका बील भपाईहरुमा सिलसिलवार नम्बर राखी, भुक्तानी भयो भन्ने जनाउने छाप लगाएको देखीएन ।

**कार्यालयको प्रतिक्रिया** – यस सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन ।

**६९-४-३८० (दलित वर्ग उत्थान, उपेक्षित, उत्पीडित)**

९ ११।०६८।५।२७ आयकर ऐन, २०५८ बमोजिम कार्यालयले जेडी टेलर्स एण्ड सिलाई कटाई सेन्टरलाई सिलाई मेशीन खरिदमा रु.८०,०००।- भूक्तानी गरेकोले अग्रिम कर रु.१२००।०० कट्टी गरी राजश्व दाखिला गर्नुपर्ने रु............. १२००।-

**कार्यालयको प्रतिक्रिया** – यस सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन ।

| | | | | |
|---|---|---|---|---|
| १० | **<u>ब.उ.शि.नं. ६९-४-८५३ स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)</u>**<br>यस बजेट उपशिर्षकमा यो बर्ष बैदेशिक श्रोतको रु.२,३०,३२,५७१।- निकासा र खर्च भएको छ । | | | |
| १०.१ | यस कार्यक्रम अन्तरगत जिल्ला विकास समितिले महिला तथा बालबालिका लक्षित योजनामा ३ वटा दलित, आदिवासी, जनजाती लक्षित योजना (अपाङ्ग समेत) का ५ वटा समेत जम्मा २९ वटा योजनाहरु यो बर्ष संचालनमा ल्याएकोमा कार्यक्रम संचालन गर्न तोकिएको निर्देशिकाले तोके बमोजिम देहाय बमोजिम भए गरेको देखिन आएन ।<br>- २ वटा योजनामा बजेट बिनियोजन भए पनि निकासा र खर्च भएको देखिएन ।<br>- प्रथम किस्ता भुक्तानी भएको तर सम्पन्न हुन नसकेको ८ वटा योजना देखियो ।<br>- दोश्रो किस्ता समेत भुक्तानी भएका तर सम्पन्न हुन नसकेका १ वटा योजना देखियो ।<br>- सम्पन्न योजनाहरु १८ वटा भन्ने जनाएको भएतापनि धेरै जसोको कार्य सम्पन्न प्रतिवेदन र अन्तिम बिल तथा नापी किताबहरु पेश हुन आएन ।<br>तसर्थ उपरोक्त योजनाहरु तोकिए बमोजिम सम्पन्न गरी कार्यसम्पन्न गरिनुपर्छ । | | | |
| १०.२ | विभिन्न समूह तथा उपभोक्ता समितीहरुले गरेका कामको नापजाँच गर्दा र ठेक्का बिल उठान गर्दा कामको विस्तृत विवरण उल्लेख नगर्ने, काम शुरु र अन्तिम तथा Measurement date उल्लेख नगर्ने, नापजाँच गर्ने प्राविधिकको नाम उल्लेख नगर्ने आदि देखियो । निर्माणाधिन कामको छोटो रुपमा नाम उल्लेख गरी आइटम चढाउने गरेको छ । साथै Measurement Sheet र ठेक्का बिलमा कुन काम हो सो समेत उल्लेख नगर्ने र हस्ताक्षर आदिमा कहिकतै मिति उल्लेख नगर्ने गरेबाट वास्तविक काम र सोको भुक्तानीमा अस्पष्टता देखियो ।<br>**कार्यालयको प्रतिक्रिया –** दफा १०.१ र १०.२ को सम्बन्धमा वैदेशिक स्रोत फुकुवा नभएको कारण निकासा नभएको, प्राप्त बिल र सम्झौता अनुसार अनुदान रकमको मूल्याङ्कन पेश भएको हुंदा नापी किताब नभई मूल्याङ्कन नै हुन नसक्ने भएकोले सो सबै कागजात विद्यमान रहेको र लेखापरीक्षणको समयमा देखाउन छुट भएको भनी कार्यालयको प्रतिक्रिया प्राप्त भएको छ । | | | |
| १०.३ | विभिन्न गा.वि.स.हरुलाई यो बर्ष प्रथम र दोश्रो किस्ता भनि थप अनुदान निकासा देहायबमोजिम रु.१,६२,१५,६४०।- गा.वि.स.हरुको खातामा निकासा गरेको छ । ADB बाट निकासा रोक्का भएको कारण जनाई तेश्रो किस्ता निकासा भएको देखिएन । यसरी गा.वि.स. हरुलाई गएको थप अनुदानको रकमबाट संचालित योजनाहरु के कति सम्पन्न भए के कति सम्पन्न हुन बाँकी छन् र सम्पन्न हुन नसक्नाको कारण आदि सम्बन्धमा गा.वि.स. वाइज र योजना वाइज अनुगमन गर्ने, जि.वि.स. वाट निर्देशन दिने, काम हुन नसकेका योजनाहरु भए निकासा रोक्का गर्ने आदि सम्बन्धमा भए गरेको देखिन आएन ।<br>**कार्यालयको प्रतिक्रिया –** जि.वि.स.र गा.वि.स.समान प्रकृतिका स्वतन्त्र स्थानीय निकाय हुन् । जि.वि.स.रकम निकासा र प्रतिवेदनको माध्यम मात्र भएकोले निकासा रोक्का राख्ने अधिकार जि.वि.स.मा नभएको भनी प्रतिक्रिया प्राप्त भएको छ । | | | |
| १०.४ | जिल्ला विकास समितिबाट संचालन गरेका योजनाहरुको लागत अनुमान तर्जुमा, ठेक्का बिल, कार्यसम्पन्न प्रतिवेदन, र नापी किताबमा उल्लेख गर्दा धेरै जसो योजनाहरुमा केही फरक नपारी लागत अनुमानसँग जस्ताको तस्तै दुरुस्त सार्ने गरेको देखियो । जसले गर्दा उक्त कामहरुको नापजाँच र कार्यसम्पन्न प्रतिवेदन यथार्थ हो भन्न सकिदैन । उदाहरणको लागि निम्न छन् | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **विवरण** — **जम्मा काम**<br>पानीमूल सिँचाई योजना — रु.६,१५,३३२।-<br>खहरे खोला सिँचाई कुलो — रु.७,५६,४१८।-<br>**कार्यालयको प्रतिक्रिया** – बढी काम भए पनि मूल्याङ्कन अनुसार तोकिएको अनुदानभन्दा बढी भुक्तानी नहुने तथा अनुदान अनुसार काम सम्पन्न हुने गरेको भनी कार्यालयको प्रतिक्रिया प्राप्त भएको छ । | | | | |
| १०.५ | ४३।०६८।३।३१ पानीमूल सिँचाई कुलो निर्माण काम सम्पन्न रु.६,१५,३३२।- गरी अन्तिम बिलबाट रु.१,७३,५००।- भुक्तानी भएकोमा उक्त कामको नापी किताब कार्यालयबाट जारी नभई प्रविष्टि गरेको देखियो । यसरी कार्यालयबाट जारी नभएको नापी किताबमा गरेको नापजाँचलाई आधिकारीक मान्न मिल्ने नदेखिएको रु...........................................................<br>**कार्यालयको प्रतिक्रिया** – नापी किताब म.ले.प.फा.नं.हो र निर्दिष्ट ढांचा अनुसार भए नभएको विषय महत्वपूर्ण हुने र नापी किताको आधिकारिकता भन्दा कामको आधिकारिकता महत्वपूर्ण हुने र सरकारी हानी नोक्सानी नभएको भनी प्रतिक्रिया प्राप्त भएको छ । | १,७३,५००।- | | | |
| १०.६ | देहायबमोजिमको कामको कार्य सम्पन्न भई भुक्तानी समेत भएकोमा उक्त कामको नापी किताब पेश हुन नआएको रु.............<br>**जम्मा काम**<br>फुलामखोला तटबन्धन निर्माण — रु.६,९०,३८९।-<br>भुजपाटा बसाले पधेरा सिँचाई कुलो — रु.७,७६,८२९।-<br>**जम्मा काम रु.१४,६७,२१८।-**<br>**कार्यालयको प्रतिक्रिया** – लेखापरीक्षणको समयमा सम्बन्धित प्राविधिकको जिम्मामा नापी किताब रहेको र हाल प्राप्त भएको भनी प्रतिक्रिया प्राप्त भएको छ । | १४,६७,२१८।- | | | |
| १०.७ | आर्थिक बर्षको अन्त्यसम्म पनि विभिन्न उपभोक्ता समितिको पेश्की फछ्र्योट नभएको भनी आ.ले.प. ले समेत औल्याएको रु.<br>**कार्यालयको प्रतिक्रिया** – पेश्की फछ्यौंट भइसकेको भनी प्रतिक्रिया प्राप्त भएको छ । | ३७,१३,९००।- | | | |
| | **बजेट उप शिर्षक नं. ६९-४-८१७ (ग्रामीण पहुँच कार्यक्रम RAP)** | | | | |
| ११ | यस कार्यक्रममा कार्यालयले यो बर्ष रु.८०,४४,३८३।४४ (बैदेशिक श्रोत समेत) निकासा र खर्च गरेको छ । | | | | |
| ११.१ | १५।०६७।११।२३, १६।०६७।११।२६ सर्भे काममा Skilled manpower प्रयोग गरेको भनि देहायका व्यक्तिहरुलाई निम्नानुसार एकमुष्ट पारिश्रमिक भुक्तानी गरेकोमा आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम अग्रिम आयकर कट्टी गरेको नदेखिएकोले सोबापतको रकम असुल हुनुपर्ने रु. | १०,८००।- | | | |

| सि.नं. | नाम, थर | भुक्तानी रु. | कट्टी गर्नुपर्ने रकम रु. |
|---|---|---|---|
| १ | देवराज मिश्र | १८०००।०० | २७००।०० |
| २ | राजन खड्का | १८०००।०० | २७००।०० |
| ३ | सागर जोशी | १८०००।०० | २७००।०० |
| ४ | नरेन्द्र खड्का | १८०००।०० | २७००।०० |
| | जम्मा | ७२,०००।०० | १०,८००।०० |

| | | | | |
|---|---|---|---|---|
| | **कार्यालयको प्रतिक्रिया** – यस सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन । | | | |
| ११.२ | १५।०६७।११।२३ खानेपानी योजनाको सर्भे कार्य गरेको भनी एकमुष्ठ रुपमा ५१,४५०।- खर्च लेखेकोमा कुन योजनाको सर्भे गरेको हो र नर्म्स वमोजिम खर्च भए नभएको तथा खर्चका बिल भपाईहरु आदि पेश नआएको रु................ <br> **कार्यालयको प्रतिक्रिया** – स्कीमवाइज सर्भे गरेको र विल भरपाई तथा नर्म्स अनुसार भन्दा बढी भुक्तानी नभएको भनी प्रतिक्रिया प्राप्त भएको छ । | ५१,४५०।- | | |
| ११.३ | कार्यालयले विभिन्न फरक दुरी र दिशामा रहेका योजनाहरुको काम सम्पन्न भएको मिति र नापजाँच भएको मिति एउटै उल्लेख गरेको देखिन्छ । एउटै प्राविधिकबाट फरक फरक योजनाहरु फरक दिशामा रहेकोलाई एउटै समयमा नापजाँच गरेको भनी नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र ठेक्का बिल तयार गर्ने कार्यलाई बास्तविक रुपमा गरिएको मूल्यांकन भन्न मिल्ने देखिदैन । उदाहरण निम्न छन् : <br> (तालिका तल) <br> **कार्यालयको प्रतिक्रिया** – एक एक घण्टाको दूरीमा रहेकोले एकै समयमा मूल्याङ्कन भएको भनी कार्यालयको प्रतिक्रिया प्राप्त भएको छ । | | | |
| ११.४ | ३।०६७।३।२० बाट स.इ. हेमराज भट्टलाई पारिश्रमिक भुक्तानी गर्दा कट्टी गरेको अग्रिम कर रकम राजश्व दाखिला भएको नदेखिएकोले राजश्व दाखिला गर्नुपर्ने रु. ...... <br> **कार्यालयको प्रतिक्रिया** – यस सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन । | ६९०।- | | |
| १२ | **बजेट उप-शिर्षक नं. ६९-४-८०५ (ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम)** <br> कार्यालयले यो कार्यक्रममा यस बर्ष रु.७९,३६,१७८।- निकासा र खर्च भएको देखाएको छ । | | | |
| १२.१ | कार्यायलले स्वीकृत कार्यक्रम भन्दा बाहिर गरेका निम्न कामहरुलाई नियमसम्मत भन्न मिल्ने नदेखिएको रु................ <br> (तालिका तल) <br> **कार्यालयको प्रतिक्रिया** – थोरै खर्चबाट मर्मत हुंदा पुन:स्थापना हुन सक्ने योजनाहरुमा गरिएको यस प्रकारको खर्च नियमित नै भएको भनी कार्यालयको प्रतिक्रिया प्राप्त भएको छ । | ३५,०००।- | | |
| १२.२ | कार्यालयले देहायबमोजिम कार्यको लागि भनि पाइप, सिमेन्ट, ट्वाईलेट प्यान लगायतका सामानहरु खरिद गरी उपभोक्ता समितिलाई वितरण गरेको छ । यसरी खरिद गर्दा खरिद कार्यको मात्र लागत अनुमान तर्जुमा गरी खरिद गरेको र सोको आधारमा मूल्यांकन प्रतिवेदन र | | | |

११.३ को उदाहरण:

| गो.भौ.नं. र मिति | योजनाको नाम | काम सम्पन्न मिति | नापजाँच गरेको मिति | भुक्तानी रकम रु. |
|---|---|---|---|---|
| २१।२०६८।१।२ | बल्लेखोला सिँचाई कुलो | २०६७।०९।०१ | २०६७।०९।०२ | ४७६७१२।०० |
| ३७।२०६८।२।३१ | खिरासैन सिँचाई कुलो | २०६७।०९।०१ | २०६७।०९।०२ | ६१०८६।०० |
| ४६।२०६८।३।२१ | धम्काले सिँचाई कुलो | २०६७।०९।०१ | २०६७।०९।०२ | ३०२९०६।०० |
| ५२।२०६८।३।२७ | भान्जेमुलो सिँचाई कुलो | २०६७।०९।०१ | २०६७।०९।०२ | १८३०३०।०० |

१२.१ को विवरण:

| गो.भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| ५०।२०६८।३।२७ | जिमधारा खानेपानी मर्मत कार्य | १५०००।०० |
| ५०।२०६८।३।२७ | पिपलरुख खानेपानी मर्मत कार्य | २००००।०० |
| | **जम्मा** | **३५,०००।००** |

नापी किनाबमा प्रविष्टी गरेको छ । यसमा कार्यालयले योजनाको एकमुष्ट लागत अनुमान तर्जुमा गरी खरिद गर्नुपर्ने आइटमलाई छुट्याएर खरिद गरी योजनामा प्रयोग भएको देखाउनुपर्नेमा खरिदलाई मात्र ल.ई. तयार गर्ने र खरिदको आधारमा MB Entry गरी कार्यसम्पादन गरेको देखाउनु नियमसम्मत हुदैन साथै उक्त सामानहरु कहाँ कहिले प्रयोग भए वा भएनन् सो सम्बन्धमा समेत यकिन हुन नसकेको रु. ११,८८,३३९।-

| गो.भौ.नं. र मिति | योजनाको नाम | सामान खरिद रकम रु. |
|---|---|---|
| ३२।२०६८।०३।२१ | सोकट चर्पि निर्माण | ६१५११३।०० |
| ३५।२०६८।०३।२२ | सोकट - ३ चर्पि निर्माण | २८६६१३।०० |
| ४०।२०६८।०३।२२ | दर्ना चर्पि निर्माण | २८६६१३।०० |
| | जम्मा | ११,८८,३३९।०० |

**कार्यालयको प्रतिक्रिया** – कार्यालयले खरिद, वितरण नगरेको र उपभोक्ता समिति मार्फत खरिद भएको निर्माण कार्यको नाप जांचको आधारमा मूल्याङ्कन भएको भनी प्रतिक्रिया प्राप्त भएको छ ।

१२.३ २५।२०६८।०३।१२ स.ई. रुद्रबहादुर बोगटीले मिति २०६८।०२।०२ देखि ऐ. २५ गतेसम्म विभिन्न स्थानमा ५ वटा तालिम संचालन गरी पेश्की फछ्र्योट रु.१,७१,०००।- गरेको मध्ये देहायका व्यक्तिहरु २०६८।०२।१० देखि ऐ. १५ सम्म संचालन भएका सोकट र ओलिगाउँका छुट्टाछुट्टै तालिममा एउटै समयमा दुबै तर्फ सहभागिता जनाएको साथै २०६८।०२।०२ देखि ऐ. ९ सम्म ओलिगाउँ र २०६८।२।४ देखि ऐ. ९ सम्म गगुडामा संचालन भएका तालिममा एउटै समयमा फरक फरक स्थानमा एउटै व्यक्तिको सहभागिता जनाई लिएको भत्ता रकम दोहोरो परेकोले दोहोरो परे जति रकम निजहरुबाट असुल हुनुपर्ने रु.................. २३,८००।-

| | | |
|---|---|---|
| क) जि.ई. सुरेन्द्र पौडेल | ओलिगाउँ र सोकट | रु.५६००।०० मध्ये रु.२८००।०० |
| ख) स.ई. रुद्रबहादुर बोगटी | ओलिगाउँ र सोकट | रु.२८०००।०० मध्ये रु.१४०००।०० |
| ग) खा.पा.स.टे. राजेन्द्र बिक्रम शाही | ओलिगाउँ र सोकट | रु.१४०००।०० मध्ये रु.७०००।०० |
| | **जम्मा** | **रु ४७६००।०० मध्ये रु.२३८००।००** |

**कार्यालयको प्रतिक्रिया** – यस सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन ।

१३

**बजेट उप-शिर्षक नं. ६२-४-२१० (पुर्न निर्माण तथा पुर्नस्थापना कार्यक्रम)**

यो कार्यक्रममा यस बर्ष रु.९,३९,६२२।- निकासा र खर्च भएको छ ।

१३.१ देहाय बमोजिम योजनामा रनिङ्ग बिल निम्नानुसार भुक्तानी भएकोमा सोको लागत अनुमान, सम्झौता र नापी किताब पेश हुन नआएको रु.. ६,७६,२७३।-

| भौ.नं. र मिति | योजनाको नाम | भुक्तानी रकम रु. | पेश नभएका कागजात |
|---|---|---|---|
| ६।२०६८।३।२६ | शान्तिकोट नि.मा.वि. भवन निर्माण | ३५००००।०० | नापी किताब, लागत अनुमान र सम्झौता |
| ७।२०६८।३।२७ | विन्देश्वरी मा.वि. भवन निर्माण | ३२६२७३।०० | लागत अनुमान र सम्झौता |

**कार्यालयको प्रतिक्रिया** – भवन निर्माण योजनाहरु क्रमागत योजना भएको र गत वर्षदेखि म्याद थप हुदै सम्झौता र लागत अनुमान अनुसार काम हुदै आएको भनी प्रतिक्रिया प्राप्त भएको छ ।

१३.२ २।२०६८।१।१९ भवन निर्माण कार्यको कन्टिन्जेन्सीबाट ल्यापटप थान एक खरिद गरी दाखिला रिपोर्ट नं. ३५ बाट जिन्सी खातामा आम्दानी बाँधेको भनेकोमा खर्च भएर नजाने जिन्सी खातामा आम्दानी बाध्न छुट भएको देखिएकोले आम्दानी बाध्नुपर्ने रु................ ५९,८९०।-

**कार्यालयको प्रतिक्रिया** – कम्प्युटर र अन्य जिन्सी सामान खातामा आम्दानी गरेको भनी प्रतिक्रिया प्राप्त भएको छ ।

१३.३ ३।०६८।१।२० भवन निर्माणको कार्यक्रम बजेटबाट कार्पेट र झोला खरीद रु. ४५,२५०।- गरेकोमा स्वीकृत कार्यक्रम भन्दा बाहिर गरेको खर्च रकमलाई नियमसम्मत भन्न मिल्ने देखिदैन साथै उक्त सामानहरु जिन्सीखातामा आम्दानीसमेत बाधेको नदेखिएको रु.............. ४५,२५०।-

**कार्यालयको प्रतिक्रिया** – प्रशासनिक खर्च (५ प्रतिशत) को परित्रिभित्र खर्च गरेको, स्वीकृत कार्यक्रम र लागत अनुमानभन्दा बढी खर्च नगरेको भनी प्रतिक्रिया प्राप्त भएको छ ।

१४

**बजेट उप-शिर्षक नं. ६९-४-८१४ (स्थानीय यातायात पुर्वाधार क्षेत्रगत कार्यक्रम)**

यस कार्यक्रममा यो बर्ष रु. ७२,१७,५५७- निकासा र खर्च भएको छ ।

१४.१ कार्यालयले क्रमागत रुपमा रहेका योजनाहरुको हरेक बर्ष छुट्टाछुट्टै रुपमा लागत अनुमान तयार गर्ने र सो बमोजिम सम्झौता गरी उपभोक्ताहरुबाट काम गराउने गरेको छ । यसरी संचालनमा आएका क्रमागत योजनाहरुको एकमुष्ट लागत अनुमान तर्जुमा गरी सो अन्तरगतका विभिन्न भागहरुलाई बार्षिक बजेटको आधारमा क्रमश: काम गर्दै जानुपर्नेमा हरेक बर्ष टुक्रे रुपमा छुट्टाछुट्टै लागत अनुमान तर्जुमा गरी काम गराएरबाट उक्त योजनाका कामहरु हालसम्म के कति सम्पन्न भए र बाँकी के कति कामहरु छन् छुट्याउन सकिने अवस्था छैन । साथै विगतमा भए गरेका कामहरु दोहोरो परे नपरेको सम्बन्धमा समेत छुट्याउन सकिने अवस्था छैन । उदाहरणको लागि यो बर्ष भुक्तानी भएका कामहरु मध्ये निम्नलाई लिन सकिन्छ ।

| भौ.नं. र मिति | योजनाको नाम | भुक्तानी रकम रु. |
|---|---|---|
| २४।२०६८।२।१७ | बिनायक कालापानी रामारोशन ग्रामीण कृषि सडक | ३७०५००।०० |
| २६।२०६८।०२।२० | मष्टामाण्डौं मालिका ग्रामीण सडक | ६३००००।०० |
| ३७।२०६८।०३।२४ | जयगढ माझेठाना ग्रामीण सडक | २५२२००।०० |

**कार्यालयको प्रतिक्रिया** – आर्थिक वर्षको अन्ततिर थोरै बजेट प्राप्त हुने वार्षिक विनियोजनको यथार्थता यकिन नहुने हुनाले सोही वर्षका लागि लक्ष्य निर्धारण भई कार्य सम्पन्न हुने भनी प्रतिक्रिया प्राप्त भएको छ ।

१४.२ कार्यालयले यो बर्ष भुक्तानी गरेका निम्न योजनाहरुको देहायबमोजिमको प्रमाण कागजात पेश नभएकोले पेश हुनुपर्ने रु............... २१,९६,७१९।-

| भौ.नं. र मिति | योजनाको नाम | बिल | भुक्तानी रकम | नपुग डकुमेन्ट |
|---|---|---|---|---|
| २७।२०६८।२।२६ | रागोलोटे ग्रामीण सडक | अन्तिम | २३६७५०।०० | कार्य सम्पन्न प्रतिवेदन |
| ३५।२०६८।३।२३ | बयलपाटा-कैलाश खोला ग्रा.स. | अन्तिम | ३४४३५०।०० | नापी किताब |

| | | | | |
|---|---|---|---|---|
| ३७।२०६८।३।२४ | जयगढ-माझेठाना ग्रा.स. | अन्तिम | २५२२००।०० | नापी किताब र कार्य सम्पन्न प्रतिवेदन |
| ३९।२०६८।३।२४ | जयगढ - नन्देगडा ग्रा.स. | अन्तिम | ६७९०००।०० | नापी किताब र कार्य सम्पन्न प्रतिवेदन |
| ३८।२०६८।३।२४ | चौखुट्टे - चौरपाटी ग्रा.कृ.स. | अन्तिम | ५७९०००।०० | कार्य सम्पन्न प्रतिवेदन |
| ४०।२०६८।३।२७ | कमलबजार घोडासैन ढकारी ग्रा.स. | अन्तिम | १०५४१९।०० | कार्य सम्पन्न प्रतिवेदन |
| | जम्मा | | २१९६७१९।०० | |

**कार्यालयको प्रतिक्रिया** – क्रमागत योजना भएकोले कार्य सम्पन्न प्रतिवेदन नहुने र रनिङ बिलका आधारमा भुक्तानी हुने गरेको भनी प्रतिक्रिया प्राप्त भएको छ ।

१५ **बजेट उप-शिर्षक नं. ६९-४-८१५ (भो.पु. तथा स्थानीय स्तरका सडक) र**
**बजट उप-शिर्षक नं. ६९-४-८३७ (ग्रामीण पहुँच विकास सुधार परियोजना)**

यस कार्यक्रममा यो बर्ष रु. ७२,८१,३४६।- निकासा र खर्च भएको छ ।

१५.१ ४९।२०६८।३।२७ (६९-४-८१५) र ६९-४-८३७ बाट जगदम्बा इन्जिनियरिङ्ग लाई पेश्की फछ्र्योट समेत जम्मा रु. ३३,५९,१७५।- भुक्तानी भएकोमा निम्नानुसार देखियो ।

क) निजले कर बिजक रु.३३,५९,१७५।- (मू.अ.कर समेत) को जारी गर्नुपर्नेमा रु.२७,५१,६३२।- को मात्र जारी गरेकोले नपुग रकम रु.६०७५४२।- को नियमानुसारको कर बिजक जारी हुनुपर्ने अन्यथा मू.अ.कर बापत भुक्तानी रकम असुल हुनुपर्ने रु................. ६९,८९४।-
**कार्यालयको प्रतिक्रिया** – कर बीजक पेश गर्न पत्राचार गरिएको भनी प्रतिक्रिया प्राप्त भएको छ ।

ख) ६ वटा पुलहरुको लागि २०६८।३।१० भित्र रु.४६,३९,४७२।- को फ्रेबिकेट्स आपूर्ति गरी सक्ने भनि ठेकेदार सँग मिति २०६८।१।१४ मा सम्झौता भएकोमा ठेकेदारले यो आ.व.भित्रमा जम्मा रु.३३,५९,१७५।- को मात्र सामान आपूर्ति गर्‍यो भने बाँकी रकमको सामान ले.प. अवधि २०६८।६।३ सम्म पनि आपूर्ति गरेको देखिएन साथै तत्पश्चात म्याद थप समेत भएको देखिएन । तसर्थ निमयानुसार म्यादथप गरेर वा हर्जना असुल गरेर सामान आपूर्ति कार्य पुरा गर्नुपर्ने देखिन्छ ।
**कार्यालयको प्रतिक्रिया** – यस सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन ।

१५.२ ३३।३।२० बेलखेत कर्णाली झोलुङ्गे पुलको रनिङ्ग बिल भनि यो वर्ष रु.८,९८,१५५।- ठेकेदार तुप्चे बाघ भैरव (नन्देगडा कन्स्ट्रक्शन जे.भी.लाई) भुक्तानी भएकोमा उक्त कामको लागत अनुमान, ठेक्का तथा सम्झौता फाईल आदि पेश हुन नआएको रु................. ८,९८,१५५।-
**कार्यालयको प्रतिक्रिया** – ठेकेदारसंग सम्झौता अन्त्य गरेको कारण कार्य नभएको भनी प्रतिक्रिया प्राप्त भएको छ ।

१५.३ आर्थिक बर्षको अन्तमा फछ्र्योट नभई बाँकी रहेको मोबिलाईजेशन पेश्की रु.३,०५,४५८।- नियमानुसार असुल फछ्र्योट हुनुपर्ने रु....... ३,०५,४५८।-
**कार्यालयको प्रतिक्रिया** – चालू आर्थिक वर्षको भुक्तानीमा पेश्की फछ्र्योट गरिने भनी प्रतिक्रिया प्राप्त भएको छ ।

१६ **बजेट उप-शिर्षक नं. ६९-३-८५३ (स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम)**

यो कार्यक्रम अन्तरगत यो बर्ष बैदेशिक श्रोतको रु.१,२९,४७,४३८।- निकासा र खर्च भएको छ ।

१६.१ स्थानीय निकाय शसर्त अनुदान अन्तरगत ८ वटा गै.स.स.हरुलाई सम्झौता बमोजिमका कृयाकलापहरु संचालन गर्न रु.६०,८८,८५५।- रकम निकासा गरी खर्च लेखेको छ । उक्त रकमबाट के काम भयो वित्तीय प्रतिवेदन एवं अनुगमन गरेको कुनै प्रमाण देखिएन ।

**कार्यालयको प्रतिक्रिया** – यस सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन ।

१६.२ महजकर्ता प्रेम प्रसाद भाटलाई यो बर्ष पारिश्रमिक रु.५,२०,००।- भुक्तानी दिएकोमा पारिश्रमिक कर रु.७६,६००।- कट्टी गर्नुपर्नेमा रु.६२,४००।- मात्र कट्टी गरेको देखिएकोले नपुग रकम असुल हुनुपर्ने रु........ १४,२००।-

**कार्यालयको प्रतिक्रिया** – यस सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन ।

१६.३ विभिन्न कार्यवापत देहायका विभिन्न व्यक्तिलाई रकम भुक्तानी हुँदा सोको भरपाई पेश नभएको भनी आ.ले.प.ले समेत औल्याएको मा उक्त रकम आन्तरिक लेखा परीक्षक श्री सालिबान साउंद जिम्मा रहेको पनि कार्यालयको प्रतिक्रिया रहेकोले सो रकम खर्चको पुष्ट्याइ सहित भपाई पेश हुनुपर्ने रु.............. ४,६७५।-

| भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| ६२।०६८।२।३१ | देवीलाल चौलागाई | रु.४२५।- |
| ६२।०६८।२।३१ | शरद ढुंगाना | रु.१७००।- |
| ७४।०६८।३।२० | लक्ष्मी शाह | रु.१२७५।- |
| ७४।०६८।३।२० | पदम माझी | रु.४२५।- |
| ७४।०६८।३।२० | डम्बर सिंह भट्ट | रु.८५०।- |
| | जम्मा | रु.४,६७५।- |

**कार्यालयको प्रतिक्रिया** – यस सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन ।

१६.४ गाउँ विकास समितिहरुलाई थप अनुदान वापत रकम निकासा दिँदा कुनै किसीमको कन्टीजेन्सी रकम कट्टी गर्न नपाउनेमा कट्टी गरेको रु.२,१०,३७६।- सम्बन्धमा आ.ले.प.ले समेत औल्याएको रु. २,१०,३७६।-

**कार्यालयको प्रतिक्रिया** – थप अनुदान निर्देशिका, २०६६ अनुसार गरेको भनी प्रतिक्रिया प्राप्त भएको छ ।

१७ **बजेट उप-शिर्षक नं. ६९-४-८१० (ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम RCIW)**

यो कार्यक्रम विगतमा यस जिल्लाबाट Phase Out भएकोमा यो बर्षको फागुन महिना देखि पून: संचालनमा आएको छ । यो कार्यक्रम अन्तरगत यस बर्ष बैदेशिक श्रोत (नगद र खाद्यान्न) समेत रु.५०२६८९०।- खर्च भएको छ ।

१७.१ कामका लागि खाद्यान्न कार्यक्रम अन्तरगत संचालित विभिन्न सिँचाई योजनाहरु, खानेपानी योजनाहरु, जलधार संरक्षण कार्यहरु, ग्रामीण सडक, नदी नियन्त्रण आदि योजनाहरुमा कार्य भएको भनी खाद्यान्नको अंश बाहेक नगद भुक्तानी यो बर्ष रु.४१७७१९८०।- भएको देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| | यसरी संचालित योजनाहरुको लागत अनुमान तर्जुमा गर्दा कामको ड्इङ्ग डिजाईन सहित दर विश्लेषण, परिमाण विश्लेषण सहित योजनाको लागत Quantity र Rate खुल्ने गरी तयार गर्नुपर्नेमा लागत अनुमान तर्जुमा गर्दा उपभोक्तालाई उपलब्ध गराउने खाद्यान्न लिष्ट र नगदबाट उपभोक्ताहरुले खरिद गर्नुपर्ने Procurement को लिष्ट उतार गर्ने गरेको छ । जुन लागत अनुमानले कुन कुन कामको कति परिमाणमा सम्पन्न गर्नुपर्ने हो खुल्दैन । त्यसै गरी गरेको कामको नापजाँच र ठेक्का बिल तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा समेत कामको आधारमा नगरी खाद्यान्न र Procurement को लिष्ट तयार गरेको छ । यसप्रकार गरेको कामको नापी किताब, ठेक्का बिल र कार्य सम्पन्न प्रतिवेदन अनुसार कुन काम भयो कति परिमाणमा भयो, के कति काम बाँकी छ आदि केही खुल्दैन । यसप्रकार प्राविधिक नर्म्स, डिजाईन र स्वीकृत ढाँचा बेगर उपभोक्तालाई उपलब्ध गराएको सामानको लिष्टको आधारमा गरेको कामबाट यथार्थ अवस्था खुल्दैन । साथै फिल्डमा उक्त कामहरु भए भन्न सकिने अवस्था छैन । यसरी प्राविधिक नर्म्स, मूल्य र मान्यतालाई न्यूनतम पनि नपनाएको कामलाई यथार्थ भन्न सकिदैन । यस सम्बन्धमा कार्यालयले सम्वन्धीत क्षेत्रको काम गर्ने प्राविधिक कर्मचारीहरुमा कार्यानुभवनको अभाव भएकोले त्यस्तो हुन गएको हो भन्ने जनाएको छ ।<br>**कार्यालयको प्रतिक्रिया** – यस सम्वन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन । | | | |
| १७.२ | कामको लागि खाद्यान्न कार्यक्रम अन्तरगत विश्व खाद्य कार्यक्रमबाट यो बर्ष चामल २२४५.२० टन र दाल २१० टन आम्दानी भएको मध्ये चामल २२४२.४६ टन र दाल २०९.४३ टन खर्च भएको जनाई आ.व.को अन्त्यमा चामल २.७४ टन र दाल ५७ के.जी.मात्र बाँकी रहेको देखाएको छ । यसरी खर्च जनाएको चामल र दालको खपत संचालित योजनाहरुमा के कति काम भयो र सो कामको लागि के कति खाद्यान्न उपलब्ध गराउनु पर्ने हो । सोको लागि योजना पिच्छे कति उपलब्ध गराइयो । सो सम्बन्धी रेकर्ड लेखापरीक्षणमा पेश नभएबाट उक्त खाद्यान्न खर्चको यथार्थता यकिन हुन सकेन ।<br>**कार्यालयको प्रतिक्रिया** – यस सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन । | | | |
| १७.३ | देहायबमोजिम गरेको खर्च रकम कार्यक्रम संचालन गर्ने निर्देशिकाको ITSH को Critearea भन्दा बाहिर भएको देखिएकोले नियम सम्मत भन्न मिल्ने नदेखिएको रु.........<br>१३।०६८।१।२३ फर्निचरहरु खरिद रु. २८,५००।-<br>३६।०६८।३।१६ ल्यापटप र डिजिटल क्यामरा रु. ८०,०००।-<br>३७।०६८।३।१९ अग्नि नियन्त्रण उपकरण खरिद रु. २७,१२०।-<br>३८।०६८।३।१९ फर्निचर रु. १५,०००।-<br>**जम्मा रु.१५०६२०।-**<br>**कार्यालयको प्रतिक्रिया** – उक्त खर्च ITSH अन्तर्गत खर्च भएको नभई सञ्चालित योजनामा लागत अनुमानको प्रशासनिक खर्च भएको भनी प्रतिक्रिया प्राप्त भएको छ । | १,५०,६२०।- | | |
| १७.४ | ५०।०६८।३।२७ बाट अदक्ष ज्यामीहरुलाई जिल्ला दररेट प्रतिदिन रु.२१०।- को सट्टा रु.३५०।- का दरले स्टोर किपर पदमराज जोशीले भुक्तानी दिएकोले प्रति दिन बढी दिएको रु.१४० का दरले ३०० दिनको बढी भुक्तानी रु.४२,०००।- असुल हुनुपर्ने भनी आ.ले.प.ले समेत औंल्याइएको रु........ | ४२,०००।- | | |

| | | | | |
|---|---|---|---|---|
| | **कार्यालयको प्रतिक्रिया**–चामल व्यवस्थापन जस्तो काममा कामदारलाई अदक्ष ज्यामीमा वर्गीकरण गर्न नमिल्ने भनी प्रतिक्रिया प्राप्त भएको छ । | | | |
| १७.५ | ५०।०६८।३।२७ बाट खरिद भएका खाली बोरा थान १०००, मट्टितेल २०० लिटर, त्रिपाल ३० थान र सादा प्लाष्टिक ३० गोल सामानहरु खरिद भएकोमा जिन्सी दाखिला नभएको भनी आ.ले.प.बाट समेत औल्याइएको छ ।<br>**कार्यालयको प्रतिक्रिया** – सुरक्षाका लागि खरिद भएको सामानहरु जिन्सी आम्दानी गरेको भनी प्रतिक्रिया प्राप्त भएको छ । | | | |
| १७.६ | आ.व.को अन्त्यमा बाँकी रहेका पेश्की रकम रु.१२५।- नियमानुसार असुल फछ्र्योट हुनुपर्ने रु......... <br>**कार्यालयको प्रतिक्रिया** – यस सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन । | १२५।- | | |
| १८ | **<u>६९-३-८१० (ग्रामिण सामुदायीक पूर्वाधार विकास कार्यक्रम)</u>**<br>जिल्ला ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम संचालन गन नेपाल सरकारद्धारा ३.०६ स्थानीय निकाय निशर्त अनुदान मार्फत १४ लाख ५० हजार बार्षिक बजेट विनियोजन भई चालु खर्च गर्नको लागि आ.व.२०६७०६८ मा जिल्ला विकास समिति, अछामलाई निकाशा भएकोमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२२ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४५ बमोजिम बिनियोजन एवं बाँडफाँड नभएको भनी आ.ले.प.ले समेत औल्याएको ।<br>**कार्यालयको प्रतिक्रिया** – यस सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त भएको छैन । | | | |